## गौरीगञ्ज गाउँपालिकाको प्रथम गाउँसभामा प्रस्तुत  नीति तथा कार्यक्रम
## २०७४

प्रथम गाउँसभा (अधिवेशन) उद्घाटन समारोहका प्रमुख अतिथी माननीय सभासद दिपक कार्की ज्यु
सभामा उपस्थित विशेष अतिथी ज्यू,
अतिथी ज्यूहरु,
श्री गाउँ सभाका उपाध्यक्ष ज्यू
श्री गाउँ सभामा उपस्थित विभिन्न समितिका संयोजक एवम उपस्थित सम्पुर्ण गाउँसभा सदस्यज्यूहरु,
सञ्चारकर्मी ज्यूहरु
श्री गाउँ सभाका सचिव लगायत सम्पुर्ण कर्मचारीहरु ।

सर्वप्रथम देशको समृद्धि र समुन्नतीका साथै नागरिकका राजनैतिक, सामाजिक र आर्थिक अधिकार प्राप्तीका लागि विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवनोत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस गाउँसभाको उद्घाटन सत्रमा उपस्थित सम्पुर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दै स्वागत गर्न चाहन्छु ।

२०७२ सालमा वनेको नेपालको संविधानको धारा ५६ वमोजिम राज्यको संरचना : संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुनेछ भन्ने संवैधानिक व्यवस्था अनुसार नेपाल सरकारले वि.सं. २०७३ फाल्गुण २७ गते झापा जिल्लाको गौरीगञ्ज सहित सिमाना जोडिएका खजुरगाछी, कोरोवारी, र महाभारा गाउँ विकास समितिहरुलाई समेटेर स्थानीय तहको रुपमा गौरीगञ्ज गाउँपालिका घोषणा भई कार्यान्वयन भईरहेको छ। र स्थानीय तहलाई प्राप्त कार्यपालिकीय, व्यवस्थापिकी, र न्यायिक अधिकार सहित स्थानीय सरकारको सञ्चालन र व्यवस्थापन गर्न निर्वाचन आयोग वाट दोश्रो चरणमा मिति २०७४/०३/१४ गते ऐतिहासिक रुपममा निर्वाचन भई जनप्रतिनिधिको पूर्णता सहित स्थानीय तहको वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ वमोजिम  गाउँ सभावाट योजना र कार्यक्रम तथा आवश्यकिय कानुन तर्जुमाका लागि यो प्रथम गाउँसभाको प्रथम बैठक (अधिवेशन) मा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अन्यन्त हर्षित  भएको व्यहोरा सगौरव जानकारी गराउन चाहन्छु  ।

नागरिकको नजिकको सरकारको रुपमा अनुभुति दिलाउन सफल स्थानीय तहहरु विकेन्द्रिकरणको माध्यमबाट सार्वभौमसत्ता सम्पन्न जनतालाई आधिकाधिक मात्रामा लोकतन्त्रका लाभहरुको वितरण गर्ने प्रमुख आधारको रुपमा रहेका छन्  तथापि गाउँपालिका घोषणाा भई कार्यन्वयनमा आएको छोटो अवधिका कारण गाउँपालिकावासीहरुमा गाउँपालिका भएको महशुस गराउन चुनौतिको रुपमा सामना गरिरहनु परेको अवस्था विद्यमान छ । यसै कुरालाई मध्यनजर गर्दै झट्ट हेर्दा केही देखिने र दुरगामी प्रभाव पार्ने किसिमका कामहरु गर्ने संकल्प सहितको योजना तथा कार्यक्रम र कानुन तर्जुमाका लागि यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । जसमा अर्थ मन्त्रालयवाट प्राप्त शसर्त अनुदान तथा वित्तिय समानिकरण अनुदानको रुपमा ठूलो श्रोतको वढोत्तरी गरेको र त्यसमा गाउँपालिकावासीको अधिक्तम सहभागिता जुटाउदै विकास निर्माण र सेवा प्रवाहका कार्यहरु प्रारम्भ हुनेछ भन्ने  विश्वास लिएको छु ।

शासकीय प्रक्रियामा जनतालाई आधिकाधिक जनसहभागिता गराई जनताकै सहभागितामा गाउँका सम्पूर्ण योजनाहरुको कार्यान्वयन गराउने एकमात्र विशिष्ठ थलो स्थानीय तह भएको हुँदा

स्थानीय तहलाई स्थानीय सरकारको रुपमा अनुभुति एवम व्याख्या गरेको पाइन्छ । प्रजातान्त्रिक मुलुकमा स्थानीय तहलाई लोकतन्त्रको आधारस्तम्भको रुपमा मानिन्छ, जहाँ स्थानीय जनताहरुले आफ्नो हक अधिकारको प्रयोग गर्ने अभ्यास मार्फत सेवा सुविधाको व्यवस्थापन र नेतृत्वको विकास गर्ने अवसर समेत प्राप्त गर्दछन् । गाउँपालिकाको न्यून आयस्रोत र निरन्तर रुपमा बढ्दै गई रहेको गाउँपालिकावासीको आवश्यकता तथा अपेक्षाहरु विच ठुलो खाडलको फलस्वरुप माग र आपूर्तिमा सामन्जस्यता ल्याउन असम्भव नभए पनि कठिन भने पक्कै भइरहेको अवस्था छ, तथापि उपलब्ध सीमित स्रोत र साधनलाई प्रभावकारी रुपमा परिचालन गरी गाउँवासीको आवश्यकता र अपेक्षाको परिपूर्ति गर्न गाउँपालिका निरन्तर लागि परिरहेको छ र भविष्यमा समेत हरतरह लागिरहने छ भनी विश्वास दिलाउन चाहन्छु ।

**आदरणीय सदस्य ज्यु हरु,**

गाउँसभा वाट वार्षिक कार्यक्रम र कानुन तर्जुमा हुदा यस गाउँपालिकाको **"झापा जिल्लाको प्राचीन र ऐतिहासिक शहर : सफा र सुन्दर गौरीगञ्ज गाउँपालिका हाम्रो रहर"** भन्ने दुरदृष्टिलाई मध्येनजर गर्दै विकासका लक्ष्य तथा उद्देश्यहरुलाई केन्द्रबिन्दु बनाई क्षेत्रगत भौतिक पूर्वाधार विकास, सामाजिक विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास तथा सुशासन एवं राजस्व परिचालनसँग सम्बन्धित नीतिहरुलाई टेवा पुग्ने गरि चालु आ.व.०७४।०७५ को वार्षिक विकास योजना र अत्यवश्यकिय कानुन तर्जुमा गर्ने सम्बन्धमा मुख्यतया निम्न नीति तथा मार्गदर्शन हरु अवलम्बन गरिएको छ ।

**भौतिक पूर्वाधार विकासतर्फ :**

क ) गाउँपालिकाले आगामी दिनमा भौतिक पूर्वाधार विकासका क्षेत्रमा संचालन गरिने योजनाहरुका सन्दर्भमा अपनाईने नीतिहरुः-

१) स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ वमोजिम वस्ती तथा टोल स्तरवाट जनताको अधिक्तम सहभागिता सुनिश्चित गराई योजना र कार्यक्रम पहिचान, छनोट तथा सम्वन्धित वडा समितिवाट भएको प्राथमिकिकरणमा वडास्तरका योजनाहरुलाई कार्यान्वयन गर्ने नीति लिइने छ । गाउँपालिकास्तरीय एवम अन्य निकाय एवम नेपाल सरकार समक्ष पेश गर्ने योजनाहरु समेत वडा समितिको प्राथमिकीकरणमा मात्रै वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने नीति लिइनेछ ।

२) वस्ती तथा टोल वाट पहिचान एवम संकलन भएका वडास्तरीय योजनाहरु वडा समितिको प्राथमिकता एवम निर्णय वाट छनौट एवम कार्यन्वयन गर्न चालु आ.व. ०७४/०७५ मा प्रत्येक वडालाई रु.४०,००,०००/-(चालिस लाख) वजेट सिलिङ उपलब्ध गराइने र आगामी वर्षहरुमा उक्त वडास्तरिय बजेट थप गर्दै जाने नीति लिइनेछ ।

३)वडास्तरीय योजनाहरु संचालन गर्दा नियमानुसाको जनसहभागितालाई जोड दिई योजना कार्यान्वयन गर्ने नीति लिइएको छ । गाउँपालिकास्तरीय योजनाहरुमा अनिवार्य रुपमा कम्तिमा २०% नगद सहभागितामा मात्र सञ्चालन गर्ने नीति लिइनेछ ।

४) गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि **पाँच वर्षे आवधिक योजना** तयार गरी "**झापाको प्राचीन र ऐतिहासिक शहर : सफा र सुन्दर गौरीगञ्ज**

**गाउँपालिका हाम्रो रहर**" मुल दुरदृष्टि सहितको गाउँपालिकाको विकासको दीर्घकालिन योजना चालु आ.व. भित्रै तयार गरिने छ । सो तयार भएपछि गाउँपालिकाको वार्षिक रुपमा तर्जुमा गरिने योजना तथा कार्यक्रमहरु सोहि Master Plan को आधारमा बजेट विनियोजन गरी खर्च गर्ने नीति लिइनेछ । साथै गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण घरहरुको वैज्ञानिक घर नम्बरिङ गर्ने कार्य चालू आ.व. २०७४/७५ मा सम्पन्न गरिने छ ।

५) नेपालकै ऐतिहासीक र प्राचीन सहरको रुपमा परिचित यस गौरीगञ्ज लगायत हुलाकी मार्गमा पर्ने १० शहरलाई नमुना शहरको रुपमा विकास गर्ने नेपाल सरकारको कार्यक्रमलाई यथासक्य कार्यन्वयनका लागि अनुरोध गर्दै गौरीगञ्ज देखि भद्रपुर तथा विराटनगर हुदै अन्य निर्दिष्ट गन्तव्यमा पुग्नका लागि छिटो र सहज हुने भएकोले यस क्षेत्रमा पर्ने पुलहरु छिटो निर्माणका लागि नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।

६) गाउँपालिका भित्रका क्षेत्रलाई कृषि क्षेत्र, औधोगिक क्षेत्र, आवासिय क्षेत्र छुट्याई सडकमा गरिने लगानी लाई प्राथमिकिकरण एवम व्यवस्थित गर्न, वस्तीहरुलाई सुन्दर र सुरक्षित वनाउन तथा भविष्यमा सडक र ढल निकासको व्यवस्थित विकास गर्न र जनताको सभभागितामा सडक हरुको सडक अधिकार क्षेत्र निर्धारण गर्न आवश्यक श्रोतको व्यवस्थापन गरि **गाउँपालिकास्तरीय यातायात गुरुयोजना** निर्माण गरिनेछ ।

७) गाउँपालिका क्षेत्र भित्र संचालन हुने गाउँपालिकास्तरीय सडकका योजनाहरुमा दुवैतर्फ ड्रेन निर्माण गर्न प्रोत्साहित गरिनेछ र ड्रेन निर्माण सम्पन्न भएका बाटोहरुलाई पहिलो प्राथमिकतामा राखी कालोपत्रे गर्ने नीति लिइनेछ । र अन्य बाटोहरुका सन्दर्भमा ग्राभेल गरी सडकको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

८) **जीवनका लागि पानी कार्यक्रम** अन्तर्गत यस गाउँपालिकाका महाभारा, कोरोवारी, गौरीगञ्ज, तथा खजुरगाछिमा निर्माणाधिन एवम सञ्चालनमा रहेको खानेपानीको स्वच्छता, न्यायिक वितरण र प्रभावकारी व्यवस्थापनका लागि अनुगमन, समन्वयमा विशेष जोड दिई समयमै आयोजनाको काम सम्पन्न गर्न पहल गरिनेछ भने अति सिमान्तकृत, विपन्न व्यक्तिहरुका लागि विशेष मापदण्ड तयार गरि श्रोतले सम्भव भए सम्म खानेपानीको धारा वितरण समेत गरिनेछ ।

८) भुकम्प लगायत विपदको समयमा व्यक्तिका घर तथा अन्य सार्वजनिक निकायका भवनहरु भत्कन गइ व्यपक रुपमा धनजनको क्षति हुने तथ्यलाई आगामी दिनमा न्युनिकरण गर्न र वस्तीहरुमा भौतिक पुर्वाधारका संरचनाहरु व्यवस्थित वनाउदै सुन्दर र सुरक्षित घर वनाउन **बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२** लाई क्रमशः कार्यन्वयन गर्दै लगिनेछ ।

९) भू-उपयोग योजनाको कार्यान्वयन सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७१/०७/०२ मा देहाय बमोजिम निर्णय भएकोले सो बमोजिम प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

क) राष्ट्रिय भू-उपयोग नीति २०६९ को अनुसूचि-२ को खण्ड (ग) र (घ) बमोजिम गाउँ, नगर तथा जिल्लास्तरिय भू-उपयोग कार्यान्वयन समितिहरु तत्काल गठन गरी भू-उपयोग योजना तर्जुमा गरिनेछ । यस्तो भू-उपयोग योजना तयार गर्दा राष्ट्रिय भू-उपयोग नीति तथा कार्यान्वयन निर्देशिका २०६९, वातावरणमैत्री स्थानीय शासन

प्रारुप २०७०, राष्ट्रिय आवास योजना २०७१, पूर्वाधार सम्बन्धी मापदण्डलाई आधार मानिनेछ । नगर तथा गाउँको बहुप्रकोप जोखिम नक्सांकन तयार भएको भए सो समेतलाई आधार मान्न सकिने । गाउँको भू-उपयोग योजनाको निर्माण तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्न भूमिसुधारलाई अनुरोध गरिनेछ ।

ख) स्वीकृत भू-उपयोग योजना बमोजिम गाउपाँलिकाको स्वीकृती वेगर जग्गा प्लटिङ गर्न नपाईने र भू-उपयोग योजना तर्जुमा नहुँदासम्म जग्गा प्लटिङ्ग गर्ने कार्यलाई गाउँपालिकाले उपयुक्त विधि अपनाई नियन्त्रणात्मक व्यवस्था मिलाइनेछ ।

ग) स्थानीय तहको स्वीकृती वेगर यसअघि नै प्लटिङ गरी व्यक्तिको नाममा घडेरीको रुपमा बिक्री भईसकेको घडेरीहरुमा गाउँपालिकाले तोकेको सडक मापदण्ड पुरा गरेको अवस्थामा बाहेक पूर्वाधार विकासको लागि लगानी नगर्ने नीति कडाईका साथ अनुशरण गरिनेछ । सो सम्बन्धी जानकारी आम जनताले पाउने गरी सार्वजनिक सूचना समेत जारी गरिनेछ

घ) अब उप्रान्त गाउँपालिकाको स्वीकृती विना कुनै पनि जग्गा प्लटिङ गरेको पाइएमा उक्त जग्गामा विकसित गरिएको घडेरी किनबेचका लागि गाउँपालिका तथा वडा कार्यालयबाट सिफारिस नगर्ने नीति लिइनेछ ।

माथि उल्लेख भए अनुसार हाल भू-उपयोग योजना तयार नभएकोले सो तयार भएपछि सोही अनुसार गर्ने र भू-उपयोग योजना तयार गर्न श्रोतको व्यवस्था गरि कार्य प्रक्रिया अगाडि बढाउने व्यवस्था मिलाईने छ । साथै गाउँपालिकाले प्लटिङ व्यवसायको सम्बन्धमा देहाय अनुसारको सडक मापदण्ड कायम गर्ने र सो सम्बन्धमा नापी कार्यालय र मालपोत कार्यालयको सहयोगमा नियन्त्रणको प्रकृया अगाडि बढाइने नीति लिइने छ ।

**मापदण्डः-**

क) गाउँपालिका क्षेत्रमा खोलिने सडकको न्यूनतम चौडाई ६ मीटर हुनु पर्ने नीति लिइनेछ ५० मीटर भन्दा छोटो भइ अगाडि निकास नभएको सडक भए ४ मीटर कायम गर्न सकिने ।

ख) गाउँपालिका क्षेत्रमा गरिने प्लटिङ्गमा सडकको न्युनतम चौडाइ ६ मीटर भइ दुवै तर्फ पक्की ड्रेन, विद्युत र खानेपानीको व्यवस्था भएको व्यवस्थित किसिमको हुनु पर्ने । साथै प्लटिङ व्यवसाय अनिवार्य रुपमा गाउँपालिकामा दर्ता हुनु पर्ने नीति लिइनेछ ।

१०) गाउँपालिका वाट योजना स्वीकृत नगरी आफू खुशी योजना शुरु गरी निर्माण भईसकेका योजनामा गाउँपालिकाले आर्थिक व्ययभार गर्ने भनि योजना माग भइ आएमा त्यस्ता योजनालाई गाउँपालिकाले स्वीकृति नदिने र बजेटको व्यवस्था पनि नगरिने नीति लिइनेछ ।

११) गाउँपालिकाका प्रमुख स्थानहरुलाई सधैं उज्यालो बनाउन चालु आ.व. वाटै सोलार प्यानल सहितको सडक बत्ती जडान गर्ने कार्य अगाडि बढाईने छ र थप विस्तारका लागि बैकल्पिक ऊर्जा केन्द्र तथा अन्य सरोकारवाला निकायको सहकार्यमा निरन्तरता दिइने नीति लिइनेछ । साथै गाउँपालिका क्षेत्रमा गाडिएका विद्युत पोलहरु, टेलिकम पोलहरु, केवल पोलहरुको अभिलेखिकरण गरि उक्त पोलहरुबाट सेवा शुल्क उठाने नीतिलाई अगाडि बढाईने छ ।

१२) गाउँपालिकाबाट संचालन हुने विकास तथा पूर्वाधार निर्माणका कार्यक्रमहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङकन लाई व्यवस्थित गरिनेछ साथै योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व स्थानीय निकाय सार्वजनिक परिक्षण कार्यविधि, २०६७ बमोजिम सार्वजनिक परिक्षण मात्र अन्तिम भूक्तानी हुने नीति लिइनेछ र आगामी वर्ष देखि भौतिक पूर्वाधारको सम्बन्धमा उपभोक्ताबाट संचालन हुने भए उपभोक्ताले र ठेक्काबाट संचालन हुने योजनाहरु भए सम्बन्धित ठेकेदारले Lab Test गराएपछि मात्र अन्तिम भूक्तानी हुने कार्य लागु गरिनेछ ।

१३) गाउँपालिका क्षेत्रका व्यक्तिका घर तथा सार्वजनिक निकायका भवनहरु सुरक्षित र व्यवस्थित गर्न घरनक्सा पास गर्न **बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२** मापदण्ड लागु गरिनेछ । साथै भूकम्प प्रतिरोधी घर निर्माणका लागि कालिगढ तालिम लगायत सचेतना कार्यक्रमहरु संचालन गरिने नीति अवलम्बन गरिनेछ ।

१४) यस गाउँपालिका क्षेत्र भित्र रहेका रतुवा, माई, बनियन, कमल, किस्नी, गौरीय, लेहरा, लालगौरीय खोला नियन्त्रण तथा व्यवस्थापनको लागि जल उत्पन्न प्रकोप नियन्त्रण विभाग तथा सम्वद्ध निकाय लाई खोला तटबन्धन गर्ने कार्य अगाडि बढाउन अनुरोध गरी त्यस्ता निकायहरुबाट मात्र ठूला किसिमका योजनाहरु संचालन गर्ने नीति लिइनेछ । भने साना प्रकृतिका विशेष गरेर गाउँपालिका भित्रका एक वडा वाट अर्को वडा जोड्ने खोलाहरुमा पुलपुलेसा निर्माण तथा आवागमनमा प्रत्यक्ष सहयोग पुग्ने पुर्वाधार निर्माण लाई उच्च प्राथमिकता दिइनेछ ।

१५) जग्गा विकास (निजी तथा गा.पा.) एवं कित्ता काट गरी जग्गा बेचबिखन गर्दा घडेरीका लागि ५ धुर भन्दा कम जग्गा बेचविखन गर्न नपाइने नीति अवलम्बन गर्न पहल गरिनेछ । तर साध मिलाउनका लागि भने १/२ फुट लिन दिन सकिने तर क्षेत्रफलमा परिवर्तन गर्न नपाइने नीति लिइनेछ ।

१६) गाउँपालिकाको शोभा बढाउन, सामाजिक कार्यहरु सञ्चालन गर्न युवा तथा खेलक्षेत्र को प्रर्वद्धन गर्न र नागरिकको व्यस्त जिवनशैली लाई जीवनोपयोगी कार्यमा सदुपयोग गर्नका लागि जग्गाको खोजी गरी **"एक स्थानीय तह : एक कभर्ड हल"** को अवधारणा लागु गर्न चालु आ.व. मा उपयुक्त स्थानमा एक सामुदायिक भवन, र एक कभर्ड हल निर्माण प्रक्रिया अगाडी बढाईने छ

१७) गाउँपालिकावाट सञ्चालन गरिने भौतिक पूर्वाधार विकास निर्माणका योजनाहरुको ठेक्का प्रक्रियालाई व्यवस्थित गर्न बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र इच्छुक सवैका लागि समान अवसर सृजना गर्न E-Bidding बाट मात्रै खरिद कार्य गरिने नीति लिइनेछ ।

१८) गाउँपालिका र अन्य सरकारी निकायको समन्वय र सहकार्यमा नापी नक्सा तथा मोठ स्रेस्ताको आधारमा गाउँपालिकामा रहेका तर फिल्डबुक कायम नभएका सम्पूर्ण ऐलानी पर्ती जग्गाहरु पहिचान गरी लेखांकन तथा रेखांकन गरी गाउँपालिकाको नाममा दर्ता गर्ने कार्य अविलम्व प्रारम्भ गरीनेछ।

**कृषि तथा वन तर्फ :**

१९.यस गाउँपालिका ग्रामिण तथा कृषि क्षेत्रयुक्त भएकोले कृषिको व्यवसायिकीकरण र विविधिकरणका लागि आवश्यक पर्ने मल विउ तथा सिञ्चाई लगायतका सुविधाको व्यवस्था गर्न सरोकारवाला निकायको सहकार्य र समन्वयमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिने र कृषिका लागि आवश्यक सिञ्चाईको मागलाई परिपुर्ति गर्न सोलार प्रणाली, भूमिगत स्यालो ट्यूवेल सिंचाई सुविधाको  व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ

२०. हाल विषयगत कार्यालयको इकाईको रुपमा कृषि तथा पशु सेवा केन्द्रवाट प्रवाह गरिएको सेवा आवश्यकता अनुरुप पर्यप्त नभएकोले आगामी दिनमा गाउँपालिकाका सवै वडामा कृषि तथा पशु सेवाको  इकाइ तथा आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ र सो को परिपुर्तिका लागि सरोकारवाला व्यक्ति तथा निकाय संगको सहकार्यमा कम्तिमा “**एक वडा  : एक कृषि पशु प्राविधिक**” को व्यवस्था गरि कृषि सेवाको प्रर्वद्धनका लागि आवश्यक कार्यक्रम कार्यन्वयन गरिनेछ

**सामाजिक विकासतर्फ :**

२१)  बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ लाई पूर्ण रुपमा कार्यान्वयन गर्दै जाने नीति अगाडी बढाई आगामी ५ वर्ष भित्रमा गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउने घोषणा गरिनेछ ।

२२) गाउँपालिका भित्रका जातजातिका विपन्न वर्गका बालबालिकाहरुको स्वास्थ्य प्रबर्द्धन तथा जन्म दर्ता गर्न पाउने बाल अधिकारलाई संरक्षणका लागि बच्चा जन्मेको ३५ दिन भित्रमा जन्मदर्ता गराएमा सम्बन्धित वडा सचिवको सिफारिश तथा अस्पतालको जन्म भएको प्रमाण पेश गरेमा सुत्केरी आमालाई श्रोतले सम्भव भए सम्म बालपोषण वापत बच्चाको लागि आवश्यक एक प्याकेज निर्माण गरी वितरण गर्ने नीति लिईने छ ।

२३)  “**वालवालिका  भविष्यको कर्णधार :  वर्तमानको साँझेदार**” हुन भन्ने तथ्यलाई केन्द्रमा राखेर वालवालिकाको सर्वाङ्गिण विकास र आन्तरिक पर्यटनको प्रर्वद्धनमा समेत सकारात्मक योगदान पुग्ने अभिप्रायले जग्गाको व्यवस्थापन गरि ६ वटै वडा तथा पायक पर्ने अन्य उचित स्थानमा वाल उद्यान (Children Park) निर्माण गर्ने कार्यलाई समेत उच्च प्राथमिकता दिइनेछ ।

२४)गाउँपालिका अन्तर्गतका बाल विकास केन्द्र तथा सामुदायिक विद्यालयहरुको अवस्था सुधार गर्दै विपन्न वर्गका बालबालिकाहरुको पहुँचयोग्य वनाउन पूर्वाधार निर्माण तथा विद्यालय दिवा खाजा जस्ता कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

२५) प्रत्येक वडा तथा सामुदायिक विद्यालयमा बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप बाल क्लबहरु र बाल क्लब संजाल गठन तथा  पुर्नगठन गरिनेछ ।

२६) गौरीगञ्ज गाउँपालिका पिछडिएको र सिमान्तकृत तथा जनजाति वहुल समुदायको वसोवास रहेको क्षेत्र भएकोले यस क्षेत्रमा शिक्षाको महत्वको वोध गराउदै गुणस्तरिय शिक्षा हासिल गर्ने प्रतिष्पर्धात्मक वातावरणको सृजना गर्न सम्बन्धित संघ

संस्थाको सहकार्यमा विभिन्न प्रर्वद्धनात्मक कार्यक्रम कार्यन्वयन गरिनेछ जसमा राष्ट्रिय बाल दिवस, विपन्न तथा जेहेन्दार विद्यार्थी पुरस्कार, गाउँपालिकामा उच्च अंक ल्याउने गौरीगञ्ज  टपर छात्र १, छात्रा १ एवं प्रत्येक वडाका विद्यालय प्रथम हुने आधारभुत वि. तथा मा.वि.  का बालबालिकाहरुको सम्मान तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।

२७) गौरीगञ्ज गाउँपालिकाको गहनाको रुपमा रहेको एक मात्र गौरीगञ्ज क्याम्पस आज पर्यप्त आर्थिक श्रोतको अभावमा सहज सञ्चालनमा समस्य रहेको व्यहोरा सवैमा विद्धितै छ जसवाट हाम्रा विद्यार्थीहरु घर आगन वाटै उच्च शिक्षा हासिल गर्ने अवसर वाट त वञ्चित हुने नै छन त्यस भन्दा वढि यसको दीर्घकालीन व्यवस्थापन अत्यन्तै चुनौतिपुर्ण रहेको सन्दर्भमा क्याम्पसको प्रभावकारी सञ्चालन र व्यवस्थापन हामी सवैको साझा दायित्व भएकोले नेपाल सरकार, त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग लगायत सरोकारवाला सहयोगि निकाय संग अविलम्व सहकार्य र समन्वय गरि अघि वढिनेछ र गाउँपालिकाको क्षमताले सम्भव भए सम्म यसको व्यवस्थापनमा आवश्यक योजना र कार्यक्रम सहित सदैव लागिरहने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

२८)  लैङ्गिक समविकासको अवधारणामा जोड दिदैं गाउँपालिका क्षेत्रमा संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहभागी अनिवार्य गर्नुका साथै समितिका प्रमुख पदहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्ने नीतिलाई उच्च प्राथमिकता साथ कार्यन्वयन गरिनेछ  भने सामाजिक समस्यको रुपमा वढिरहेको लैंगिक हिंसा र त्यस वाट समाजमा पर्ने नकारात्मक असर न्यूनिकरणका लागि सरोकारवाला निकायको सहकार्य र समन्वयमा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

२९)  गाउँपालिका भित्रका विपन्न एवम एकल महिला, सिमान्तकृत तथा पिछडिएका जातीहरुलाई क्षमता अभिवृद्धि एवम सिपयुक्त वनाउन आयमूलक, सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउन विभिन्न संघ संस्थाहरुसँग समेत सहकार्य गरी कार्यक्रम अगाडी बढाइनेछ ।

३०)  "**स्वास्थ्य नै सम्पति**" हो भन्ने उक्ति लाई व्यवहारमा कार्यन्वयन गराउन राष्ट्यि कार्यक्रमको रुपमा सञ्चालनमा रहेको स्वास्थ्य विमा कार्यक्रम यस गाउँपालिकामा समेत कार्यन्वयनका लागि आवश्यक पहल गर्दै गाउँपालिकाका अति विपन्न परिवारका महिला लक्षित गरी महिलाहरुको स्वास्थ्यलाई ध्यानमा राखी धुँवारहित चुल्हो बनाउने तालिम प्रदान गर्ने कार्यलाई अगाडि बढाईने छ ।

३१) गाउँपालिकामा रहेका स्वास्थ्य संस्था र कार्यरत जनशक्ति लाई उच्च मनोवलका साथ सदैव उत्प्रेरित भई गौरिगञ्ज गाउँपालिकावासीको सेवामा लागिरहने कार्यवातावरणको सृजना गरिनेछ र सो को लागि गाउँपालिकाको तर्फवाट गर्नु पर्ने सहयोगमा कुनै कमि हुन दिइने छैन र समय समयमा सरोकारवाला निकायको सहकार्य तथा समन्वयमा सवै वडामा विशेषज्ञ सहितको घुम्ति शिविर समेत सञ्चालन गरिनेछ ।

३२) गाउँपालिकाका युवा तथा खेलप्रेमी हरुलाई स्वस्थ्य र अनुशासित वनाई उत्कृष्ट खेलाडी उत्पादनमा सहयोग पुर्‍याउन  गाउँपालिकास्तरीय विभिन्न खेलकुद कार्यक्रम

सञ्चालन गरिनेछ भने आवश्यकता अनुसार पुर्वाधार विकास गर्ने नीति समेत लिईनेछ ।

३३) आफ्नो टोलको विकासमा क्रियशिल एवम अभिप्रेरित गराई सो संग सम्वन्धित योजना कार्यक्रम सञ्चालन एवम व्यवस्थापनमा आवश्यक सहयोग, सहजीकरण र अपनत्व सृजना गराउन टोल विकास समिति गठन गर्ने नीति लिइनेछ ।

३४)**"जेष्ठ नागरिकहरु जिउदो इतिहास हुन उहाँहरु प्रेरणाका श्रोत हुन" त्यसैले** उहाँहरुलाइ एउटै थलोमा भेला भइ भलाकुसारी गर्न तथा अतितका कुराहरु साटासाट गर्न र जीवनोपयोगि अनुभवहरु आदान प्रदान गर्न जेष्ठ नागरिक चौतारो निर्माण एवम अन्य उपयुक्त कार्यक्रम कार्यन्वयन गर्न प्राथमिकता दिइने छ साथै विशेष कार्यक्रम आयोजना गरि जेष्ठ नागरिकलाई सम्मान गर्ने नीति लिइनेछ ।

३५) "**विकासका लागि सञ्चार**" अन्तर्गत विकास निर्माण, सेवा प्रवाह र सुशासन कायम गर्न सञ्चार क्षेत्रको अहम महत्व हुने भएकोले सञ्चार क्षेत्रको विकासका लागि आवश्यक संस्थागत विकास कार्यक्रम तथा पत्रकारको योगदानको कदर गर्न पुरस्कार तथा सम्मान  कार्यक्रम लागु गरिनेछ ।

३६)  यस गाउँपालिका क्षेत्रमा रहेका साँस्कृतिक एवम धार्मिक मठ, मन्दिर, गुम्बा, मस्जिद, पुस्तकालय लगायत संस्थाहरुलाई आफ्नो धर्म संस्कृतिको जगेर्नाका लागि प्रोत्साहन गर्ने नीति लिइने छ ।

**<u>पर्यटन, वातावरण व्यवस्थापन तथा विपद व्यवस्थापनतर्फ :</u>**

३७)  नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप २०६७ लाई कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायसँग छलफल र अन्तरक्रिया कार्यक्रम सन्चालन गरिने छ । प्रत्येक टोलका बाटोहरु, ऐलानी, पर्ति सार्वजनिक खोला किनारका स्थानहरुमा हरियाली प्रवर्द्धन हुने गरी वृक्षारोपण गर्ने कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।

३८) यस गाउँपालिका वहुजातिय, वहुभाषिक, वहु साँस्कृतिक तथा प्राकृतिक सम्पदामा अत्यन्तै धनि रहेकोले उल्लिखित सम्पतिलाई यहाँको सम्भावित आन्तरिक पर्यटन प्रर्वद्धन गर्न पुर्वाधार विकास तथा आवश्यकिय आकर्षक कार्यक्रम समेत तय गरि प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

३९)  वढ्दो वातावरण विनासवाट वातावरण शुद्धिकरण तथा जनचेतना जगाउन प्रारम्भमा शहरी क्षेत्रमा अव वन्ने प्रत्येक घरमा **"एक घर : दुई रुख"** लगाउनु पर्ने कार्यलाई नक्सापास अनुमति संग आवद्ध गरिनेछ ।

४०) नेपाल सरकारले प्रतिवद्धता जनाएको सन २०१७ भित्र देशलाई नै खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियानलाई सफल तुल्याउन र व्यवस्थित चर्पिको अभावमा हुन सक्ने सम्भावित रोगव्यधि तथा नकारात्मक असर र प्रभाववाट वचाउन यस गाउँपालिकामा साझेदार संस्था संगको सहकार्यमा तत्काल सघन रुपमा विभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४१) "**फोहोर वाट मोहर**" भन्ने अवधारणा अनुसार गाउँपालिकाका वजार क्षेत्रबाट निस्कने फोहोरहरुलाई दीर्घकालीन रुपमा व्यवस्थित गर्न सके मोहरमा परिणत गर्न सकिने र वजार पनि सफा हुने भएकोले सो कार्यका लागि आवश्यक लगानी, फाइदा

र जोखिममा सांझेदारी गरिने अवधारणा सार्वजनिक निजी साझेदारी (PPP) अनुसार फोहोर व्यवस्थापनका लागि साझेदार संस्था मार्फत फोहोर व्यवस्थापन गर्ने कार्यलाई अझ प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ । सफा गाउँपालिकाको रुपमा गौरीगञ्जलाई परिचित गराउन विभिन्न अभियान संचालन गरिनेछ । जथाभावि फोहोर गर्नेलाई कानून बमोजिम  दण्डित गर्ने नीति लिइने छ । साथै आगामी दिनमा उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संस्थाहरुको सहयोगमा गाउँपालिकालाई ***"प्लाष्टिक झोलामुक्त गाउँपालिका"*** को रुपमा घोषणा गर्न प्लाष्टिक झोला निषेधित अभियान सञ्चालन गरिनेछ ।

४२) जुन सुकै स्थानको वारेमा आगन्तुकको पहिलो धारणा भनेको उक्त क्षेत्रको प्रवेशद्धार वा मुख्य वजार लाइ हेरेर वन्ने भएकोले **"सफा गौरीगञ्ज हाम्रो शान : वजारवासीको सहभागितामा  सरसफाई अभियान" मार्फत** जनस्वास्थ्य प्रतिको सचेतना, सुरक्षा एवम पर्यटकिय सुन्दरता अभिवृद्धि गराउन गौरीगञ्ज लगायत मुख्य मुख्य वजार तथा स्थानहरु सफा र सुन्दर वनाउन उद्योग वाणिज्य संघ, वजार व्यवस्थापन समिति, वजारवासी लगायत सरोकारवाला व्यक्ति तथा निकायको सहकार्यमा सरसफाई अभियान सञ्चालन गर्दै वजारको दीर्घकालीन व्यवस्थापनमा जोड दिइनेछ ।

४३) उपभोक्ताले स्वास्थ्यकर मासु खान पाउने उपभोक्ताको अधिकारको संरक्षण गर्न आवश्यक योजना तथा कार्यक्रम संचालन गरिनेछ र गाउँपालिकाले तोकेको क्षेत्रमा मात्र माछा मासु बिक्री गर्नु पर्ने नीति पशु सेवा कार्यालय तथा अन्य सरोकारवाला निकाय सँगको सहकार्य गरी अगाडि बढाईने छ । र उपयुक्त जग्गाको व्यवस्था गरि व्यवस्थित पशु बधशाला निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

४४) पर्यटन प्रर्वद्धन र आन्तरिक आयको श्रोतको रुपमा विकास गराउन गाउँपालिकाको वडा नं.२ मा रहेको सीमसारको पूर्वाधार निर्माण व्यवस्थापन एवम सञ्चालन गर्न विशेष पहल गरिने छ

## सस्थागत विकास एवं सुशासनतर्फ :

४५)  वढ्दो वेरोजगारी समस्य न्युनिकरणमा सहयोग पुर्‍याउन, रोजगारीका माध्यमवाट आर्थिक समृद्धि र राष्ट्र विकासमा टेवा पुर्‍याउन आवश्यक पर्ने सिप र क्षमता अभिवृद्धिका लागि जनताको इच्छा, र गाउँपालिकाको क्षमताले भ्याए सम्म सरोकारवाला निकायको प्रत्यक्ष र परोक्ष सहयोगमा क्षमतामुलक तथा सिपमुलक तालिमको व्यवस्था गरिनेछ र व्यवसाय सञ्चालन तथा वैदेशिक रोजगारीमा जान चाहनेका लागि विना धितो कर्जाको व्यवस्थाका लागि वित्तिय क्षेत्रसंग आवश्यक समन्वय एवम पहल गरिनेछ ।

४६) गाउँपालिकामा हाल पर्याप्त कर्मचारी नभएकोले सेवाग्राहीहरुले छिटो छरितो एवं प्रभावकारी रुपमा सेवा प्राप्त गर्न नसकेको अवस्था छ । यो अवस्थालाई जतिसक्दो छिटो हटाउनको लागि स्थायी कर्मचारी माग गर्ने तथा नियमानुसार पदपूर्ति प्रक्रिया अगाडि बढाइने छ । Help Desk  स्थापना गरि ताहाँ वाट निःशुल्क फारम वितरण लगायतका अन्य कार्य समेत सम्पादन गरिनेछ ।

४७) गाउँपालिकाका कर्मचारीहरुको क्षमता, अनुभव र पद अनुसार आवश्यक मापदण्ड बनाई शाखा तथा इकाईहरुको कार्य बोझको आधारमा आन्तरिक शाखा सरुवा, मानव स्रोत परिचालन र पारदर्शी मापदण्ड निर्धारण गरी राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड सजायको व्यवस्था लाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।

४८) सेवाग्राहीले तोकिएको समयमा गुणस्तरिय सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न कर्मचारीको समय पालन र कर्तव्य परायणमा जोड दिइनेछ । र कार्यालयमा रहदाँ कर्मचारीहरुले अनिवार्य रुपमा नेपाल सरकारबाट तोकिएको पोशाक तथा परिचय-पत्र लगाउनु पर्नेछ । सो नगरेमा विभागीय कारवाहीको प्रक्रियासम्म अगाडि बढाउने नीति लिइनेछ ।

४९) पदाधिकारी तथा कर्मचारीहरुले कार्यालयमा रहदाँ कानूनले तोकेको आचार संहिता अनुसार पालना गर्न लगाईने छ । साथै सेवाग्राहीलाई सेवा प्रदान गर्दा पहिलो आउनेलाई पहिलो प्राथमिकता दिदै शिष्ट एवं नरम व्यवहार गर्दै छिटो छरितो **मुस्कान सहितको सेवा** प्रवाह गरिनेछ ।

५०) जनताको अपेक्षा अनुसार समयमै गुणस्तरिय सेवा प्रवाह गर्न सदा तत्पर उच्च मनोवलयुक्त उत्प्रेरित एवम सक्षम कर्मचारी तयार गर्न संस्थागत तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५१) स्वीकृत दरवन्दीमा कार्यरत पियन, ड्राइभर, माली, कार्यालय सहयोगी पदका कर्मचारीहरुले अवकाश पाएपछि सो पद स्वतः खारेज गरिने र कार्यालयलाई आवश्यक परेमा सेवा करारबाट लिइने प्रक्रियालाई अगाडि बढाईने छ । साथै सुरक्षा (पाले पहरा), सरसफाई, फोटोकपी, चिठी पत्र पत्राचार, बाल उद्यान, एम्बुलेन्स, शवबाहन, पोखरी संचालन जस्ता अस्थायी प्रकृतिका कामकाजहरु सेवा करार मार्फत गराउने नीति अवलम्बन गरिनेछ ।

५२) गाउँपालिकाको विकास गतिविधि तथा अन्य क्रियाकलापहरुको जानकारी गराउन समय समयमा बुलेटिन प्रकाशन गरिनेछ र गाउँपालिकाको Website निर्माण गरि सो मार्फत सुचित एवम सार्वजनिक गरिनेछ। र वार्षिक वजेट तथा कार्यक्रम गाउँ सभा वाट पारित भएपछि पुस्तिका प्रकाशन गरि जानकारी गराइनेछ ।

५३) व्यक्ति तथा समुदायको विकासमा सुचना र प्रविधिको उच्चतम महत्व रहने तथ्यलाई मध्यनजर गर्दै नेपाल टेलीकम लगायत सरोकारवाला संघसंस्थाको समन्वयमा गाउँपालिका, वडा कार्यालय तथा अन्य सार्वजनिक स्थलमा समेत निशुल्क नेटवर्किङ्ग सेवाका लागि वाइफाइ जोनको रुपमा विकसित गर्दै लगिनेछ ।

## आर्थिक तथा राजस्व परिचालनतर्फ :

५४)**“ श्रोतमा साँझेदारी : विकास निर्माणमा पहरेदारी”** भन्ने मान्यता अनुसार गाउँपालिकाको विकास कुनै एक निकायको पहल वाट मात्र सम्भव नहुने र आफ्नो क्षेत्रको विकासमा नागरिक सहभागिता जनाउदै सो को लागि आवश्यक पर्ने श्रोतको रुपमा गाउँपालिकालाई कर तिर्नु पर्ने दायित्व भएकोले विज्ञको सहयोगमा गाउँपालिका भित्रको करको दायरा र दर पहिचान तथा समायोजन गरिनेछ । दर्ता नगरी

गाउँपालिका भित्र व्यापार व्यवसाय गरिरहेका व्यवसायीलाई निश्चित समय अवधि भित्र दर्ता गर्न सुचित गराउने र नियमानुसार दर्ता नगरेमा जरिवाना समेत गरिनेछ साथै उद्योग वाणिज्य संघसँगको सहकार्यमा करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ ।

५५) सेवाग्राहीको काम समयमा सम्पन्न गर्न, विश्वसनिय वनाउन र अभिलेख प्रणाली व्यवस्थित वनाउन राजश्व कार्यालयबाट काटिने आयका सम्पूर्ण आयलाई कम्प्यूटर प्रणालीमा समेटी कम्प्यूटर बिलिङ प्रणाली लागू गरिने छ ।

५६) स्थानीय तह सञ्चालन ऐन नवने सम्म स्थानीय स्वायत्त शासन नियमावली २०५६ एवम प्रचलित नियममा उल्लेख भएअनुसार प्रत्येक बर्ष जिन्सी निरीक्षण गरिनेछ र सो निरीक्षण प्रतिवेदनवाट प्राप्त सुझावहरुको कार्यान्वयन गर्दै जाने व्यवस्था गरिनेछ ।

५७) गाउँपालिकालाई विभिन्न कार्य जस्तै खुला क्षेत्र व्यवस्था गर्न, कार्यालयको शाखा तथा इकाइका लागि भवन वनाउन र फोहोर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट लगायत अन्य प्रयोजनका लागि पर्यप्त स्थान आवश्यक पर्ने भएकोले चालु आ.व. देखि नै जग्गा खरिद गर्न सम्भाव्यता अध्ययन एवम श्रोतको व्यवस्थापन गरिनेछ ।

५८) गाउँपालिका क्षेत्रभित्र घरबहालमा दिनुहुने सबै गाउँपालिकावासीहरुलाई कानून अनुसार गाउँपालिकालाई तिर्नु पर्ने २ प्रतिशत वहाल कर अनिवार्य रुपमा तिर्न अनुरोध गरिनेछ साथै स्थलगत रुपमा तथ्यांक संकलन गरी बहाल कर उठाउन आवश्यक पहल गरिने छ ।

५९) नागरिकमा शहरी सेवा र सुविधा उपभोगको आकांक्षले वजार तथा वजारोन्मुख क्षेत्रको दिन प्रतिदिन विस्तार हुँदा शहरीकरण वढिरहेको र अव्यवस्थित वसोवास तथा जनघनत्व युक्त स्थानमा भविष्यमा कुनै घटना घटि तत्काल कुनै काम गर्नु पर्दा र अन्य कुनै साना मसिना निर्माणका काम सम्पादन गर्न आवश्यक पर्ने साधनहरु जस्तै व्यकहोलोडर, टिपर, ट्क्टर, दमकल, लगायतको साधनहरुको व्यवस्थापन गरिदै लगिनेछ ।

६०) गाउँपालिकाका सिमान्तकृत, विपन्न तथा भुमिहिन व्यक्तिहरुको उचित आवास सुविधाका लागि सम्वन्धित सरोकारवाला निकाय संग समन्वय गरि नमुना वस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ ।

६१) यात्रुहरुको सुविधा, सडक दुर्घटना, तथा वजार सरसफाईका लागि गाउँपालिकामा रहेका खजुरगाछी, गौरीगञ्ज वसपार्कलाई व्यवस्थित गरि सञ्चालन गरिनेछ ।

**आदरणिय प्रमुख अतिथी, अतिथी एवम सदस्यज्यू हरु अव म मार्गदर्शन सिलिङ्गको वारेमा जानकारी गराउन चाहन्छु :**

चालु आ.व. का लागि योजना तथा कार्यक्रम छनोट एवम प्राथमिकता गर्दा देहायको शर्तको आधारमा गर्नु पर्नेछ :

क. स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को खण्ड ३. ३ (१) तथा ३. (२) को पूर्ण परिपालना गर्नु पर्नेछ

अर्थात :

१. वस्ती टोल स्तरवाट आयोजना कार्यक्रम छनोट गर्दा स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को खण्ड ४ (३) वमोजिम गर्नु पर्नेछ ।

२. वडास्तरीय आयोजना कार्यक्रमको प्राथमिकिकरण स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को खण्ड ४(४) वमोजिम गर्नु पर्नेछ

३. वजेट तथा कार्यक्रम तर्जुमा स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को खण्ड ४.५ वमोजिम गर्नु पर्नेछ ।

४. वडालाई उपलव्ध सिलिङ्ग वाट वडा समितिले निर्णय गरि योजना छनौट एवम कार्यन्वयन गर्नु पर्नेछ र यसरी वडास्तरीय योजनामा रकम विनियोजन गर्दा कम्तिमा दुइ वटा पाँच लाख भन्दा वढिका योजना छनोट गर्नु पर्नेछ र अन्य भौतिक पुर्वाधार तर्फ एक लाख भन्दा घटिका योजना र सामाजिक विकास तर्फ पचास हजार भन्दा घटिका योजना

५. गाउँपालिकास्तरीय योजना प्राथमिकिकरण एवम छनोट गर्दा ठुला पुर्वाधार तर्फ प्रत्येक वडाले कम्तिमा देहायको योजना सिफारिश गर्नु पर्नेछ ।

क. पच्चिस लाख वरावरका कम्तिमा २ योजना

ख. पन्ध्र लाख वरावरका कम्तिमा ३ योजना

उल्लिखित योजनाहरु मा कम्तिमा २० प्रतिशत अनिवार्य नगद लागत सहभागिता अनुसार सञ्चालन गरिनेछ , सो वरावर सहभागिता जुट्न नसकेमा योजना छनोट एवम स्वीकृत एवम सम्झौता गरिने छैन ।

६. पाँच लाख भन्दा कम लागतका कुनै पनि योजना गाउँपालिकामा सिफारिश गर्न पाइने छैन ।

७) वडा समितिवाट छनौट भएका योजनाहरुलाई प्राथमिकताको आधारमा कार्यान्वयन गरिने छ ।

८) वडा समितिबाट वडा स्तरका योजनाहरु सोही वडाबाट प्राथमिकताको आधारमा चालु आ.व.मा रु. चालिस लाखसम्मका साना किसिमका योजनाहरु सम्पन्न गरिनेछ ।

९) वडास्तरीय योजनाहरु संचालन गर्दा जनसहभागितालाई जोड दिई जनसहभागितात्मक योजना छनौट गरी उपभोक्ता समिति मार्फत योजनाहरु सञ्चालन गर्नु पर्नेछ ।

**चालु आ.व. ०७४।७५ मा प्राप्त गाउँपालिका अनुदान को प्राप्त सिलिङ्ग**

| आय | रकम रु. | व्यय | रकम रु. |
|---|---|---|---|
| वित्तिय समानिकरण २६६११ | १९४२८९०००/- | चालु | ४८५०००००/- |
| | | पुजिँगत | १४५७८९०० /- |
| शसर्त २६६१२ | ७३७३५०००/- | नेपाल सरकारवाट | ७३७३५०००/- |

| | | | |
|---|---|---|---|
| | | तोके वमोजिम | |
| आन्तरिक आय | आगामी बैठकमा पेश गरिने | | |

धन्यवाद !